**वीरगंज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विभिन्न आन्तरिक आयका शिर्षकहरु ठेक्कामा लगाउने सम्बन्धि**
**३० दिने शिलबन्दी बोलपत्र आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८०/०२/२७**

प्रमुख प्रशासकिय अधिकृत

वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले विभिन्न आन्तरिक आयका शिर्षकहरुमा आ.व.२०८०/०८१ को लागि वार्षिक र बहुवर्षीय रुपमा ठेक्का बन्दोबस्त गर्न स्थानीय सरकार संचालन ऐन, २०७४, वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७, वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०७९ ले दिएको अधिकारको परिधि भित्र रही आन्तरिक आयका शीर्षकहरुबाट राजस्व संकलन गर्न मिति २०८०/०२/२१ गतेको निर्णयानुसार प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको समयावधि भित्र बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

शर्तहरु

१. बोलपत्र फारम तपसिलमा उल्लेखित दस्तुर बुझाएको नगदी रसिदका साथ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तीस (तीस) दिन भित्र यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखाबाट खरीद गर्न सकिनेछ।
२. बोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ। तोकिएको समय भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु सोही दिन, दिनको ३:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहबरमा वी.म.न.पा., नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३. बोलपत्र साथ आफूले कबुल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं.१२५०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य बैक वा वित्तिय संस्थाले जारी गरेको सूचनामा १२० दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ।
४. बोलपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपले उल्लेख गरी सहीछाप गरी पेश गर्नुपर्नेछ। केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
५. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम र आय शिर्षक स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
६. बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय अनुसार क्रमशः कायम हुनेछ।
७. बोलपत्रसाथ नागरिकताको प्रमाणपत्र वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको व्यवसायिक प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र एवं अन्य कुनै कर बुझाउनु पर्ने बाँकी भए सोको चालु आ.व. सम्मको कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।
८. बोलपत्रमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०७९, वीरगंज महानगरपालिकाको सार्वजनिक खरीद नियमावली, २०७७ र प्रचलित कानून बमोजिम हुनेछ।
९. तपसिलमा उल्लेखित आय शिर्षकको ठेक्का सकार अंकको किस्ता र बैंक ग्यारेन्टी सम्बन्धि व्यवस्था बोलपत्र फारममा उल्लेख गरिनेछ।
१०. आफुले कबोल गरेको ठेक्का अंक बराबरको एकमुष्ठ रकम बुझाएमा न्यूनतम अंकमा नघटने गरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ।
११. ठेक्का सम्बन्धि विषयमा कुनै किसिमको वादविवाद भएमा वीरगंज महानगरपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।
१२. उल्लेखित ठेक्का सम्बन्धमा अन्य आवश्यक बुझ्नु परेमा यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखामा सम्पर्क राख्नु हुन वा मोबाइल नं.९८५४०२६३३३ मा सम्पर्क राखी बुझ्न सक्नुहुनेछ।

| ठेक्का नं. | स्थान | | ठेक अंक | | ठेक्का अवधि | बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ११/०७९/८० | वडा नं. २३ प्रसौनीबिर्ता गण्डक पश्चिममा रहेको सार्वजनिक माछापालन पोखरी | | १५,००,०००/- | पन्ध्र लाख मात्र | ५ वर्ष | १,०००/- | |
| १२/०७९/८० | वडा नं.१८ भवानीपुर वडा कार्यालयनिर रहेको माछापालन पोखरी | | १५,००,०००/- | पन्ध्र लाख मात्र | ५ वर्ष | १,०००/- | |
| १३/०७९/८० | वडा नं. १७ अलौ वडा कार्यालयनिर रहेको सार्वजनिक माछापालन पोखरी | | २५,००,०००/- | पचिस लाख मात्र | ५ वर्ष | ३,०००/- | |
| १४/०७९/८० | जिल्ला बाल कल्याण समिति जमिन तला हल कोठा | मासिक | | | | | |
| | जमिन तला हलकोठा | ७५,०००/- | २७,००,०००/- | सताईस लाख मात्र | ३ वर्ष | ३,०००/- | |
| १५/०७९/८० | वडा नं.३० लालपर्सा छठघाट निरको पोखरी | | २०,००,०००/- | बीस लाख मात्र | ५ वर्ष | ३,०००/- | |
| १६/०७९/८० | घण्टाघर सपिङ्ग कम्प्लेक्स | मासिक | | | | | |
| | पहिलो तल्ला | ५०,०००/- | १८,००,०००/- | अठार लाख मात्र | ३ वर्ष | १,०००/- | |
| | दोश्रो तल्ला | ५०,०००/- | १८,००,०००/- | अठार लाख मात्र | ३ वर्ष | १,०००/- | |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तेश्रो तल्ला | ३०,०००।- | १०,८०,०००।- | दश लाख असी हजार मात्र | | १,०००।- | |
| १७/०७९/८० | वडा नं. २६ इटियाहीमा रहेको भुवनेश्वर महादेव मन्दिरको पोखरी | | ३५,००,०००।- | पैंतिस लाख मात्र | ५ वर्ष | ३,०००।- | |
| १८/०७९/८० | वडा नं. १७ अलौ ट्रान्सफर्मर निर रहेको सार्वजनिक माछापालन पोखरी | | ४,००,०००।- | चार लाख मात्र | ५ वर्ष | १,०००।- | |
| १९/०७९/८० | वडा नं. २१ लिपनीविर्ता निजी जग्गामा लाग्ने पशु हाटबजार पटके व्यवसाय कर | | १०,००,०००।- | दस लाख | १ वर्ष | १,०००।- | |
| २०/०७९/८० | अलौ वडा नं.१७ रामजानकी मन्दिरको पश्चिम तर्फ रहेको डबरी पोखरी | | १,२५,०००।- | एक लाख पचिस हजार मात्र | ५ वर्ष | १,०००।- | |
| २१/०७९/८० | अलौ वडा नं.१७ पुल भन्ने पोखरी | | १,२५,०००।- | एक लाख पचिस हजार मात्र | ५ वर्ष | १,०००।- | |
| २२/०७९/८० | अलौ वडा न.१७ बुढिया माई मन्दिर निर रहेको पोखरी | | २,५०,०००।- | दुई लाख पचास हजार मात्र | ५ वर्ष | १,०००।- | |
| २३/०७९/८० | अलौ वडा नं.१७ मा रहेको कि.नं २०४, २०५ को पोखरी | | २,५०,०००।- | दुई लाख पचास हजार मात्र | ५ वर्ष | १,०००।- | |
| २४/०७९/८० | वडा नं.१८ भवानीपुर स्वास्थ्यचौकी निरको पोखरी | | ५,००,०००।- | पाँच लाख मात्र | ५ वर्ष | १,०००।- | |
| २५/०७९/८० | वडा नं.२० हरपतगंज सिक्सलेन सडक भन्दा पश्चिम तर्फ रहेको पोखरी | | ५,००,०००।- | पाँच लाख मात्र | ५ वर्ष | १,०००।- | |
| २६/०७९/८० | वडा नं.२४ रामगढवा बहुअरी टोल भन्दा उत्तर तर्फ रहेको पोखरी | | ७,५०,०००।- | सात लाख पचास हजार मात्र | ५ वर्ष | १,०००।- | |
| २७/०७९/८० | वडा नं.२६ सुगौलीविर्ता मा रहेको कि.नं.१५१ को पोखरी | | १०,००,०००।- | दश लाख मात्र | ५ वर्ष | १,०००।- | |
| २८/०७९/८० | वडा नं २८ बगही छठघाट निरको पोखरी | | ५,००,०००।- | पाँच लाख मात्र | ५ वर्ष | १,०००।- | |
| २९/०७९/८० | वडा नं.२८ बगही वडा कार्यालयभन्दा पश्चिम तर्फ रहेको पोखरी | | ५,००,०००।- | पाँच लाख मात्र | ५ वर्ष | १,०००।- | |
| ३०/०७९/८० | वडा नं.२९, बसडिल्या कि.नं.४४ को पोखरी | | ७,५०,०००।- | सात लाख पचास हजार | ५ वर्ष | १,०००।- | |
| ३१/०७९/८० | वडा नं.३० लालपर्सा डबरा माई पोखरी | | ५,००,०००।- | पाँच लाख मात्र | ५ वर्ष | १,०००।- | |